# छानविन समितिको प्रतिवेदन

धरान उपमहानगर सहकारी विकास समितिको मिति २०७६।०४।०७ गतेको वैठकद्वारा गठित छानविन समितिले धरान उपमहानगरपालिका वडा नं.१२ स्थित  सल्लेरी वचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष कृष्णबहादुर विश्वकर्माले सहकारी संस्थाको रकम हिनामिना गराई सम्पर्क विहिन भएको र हामी संचालक सदस्यहरुलाई संस्थाको हर हिसाब के कस्तो अवस्थामा रहेको केहि थाहा नभएको र वचतकर्ताहरुको वचत संकटमा पर्न सक्ने अवस्था आउन सक्ने भएको हुनाले छानबिन गरी सत्य तथ्य पत्ता लगाई पारदर्शिता गराई दिनुहुन भनि मिति २०७६/०४/०५ गते निवेदन माथि छलफल र संस्थाको स्थलगत निरिक्षण,वचतकर्ता,कर्मचारी,संस्थाका अन्य संचालक सदस्यसँग सोधपुछ गरी, संस्थाले प्रयोगमा ल्याएका कम्प्युटर सफ्टवेयर र चारखाता समेतका आधारमामा जाँचबुझ गर्दा निम्न अनुसार रहेको प्रतिवेदन समितिमा पेश गरेका छौं ।

- ✓ संस्थाका अध्यक्ष कृष्णबहादुर विश्वकर्मा मिति २०७६ अषाढ २३ गतेबाट सम्पर्क विहिन भएको २०७६ अषाढ २६ गते ईलाका प्रहरी कार्यलय धरानमा खोजतलासका लागि निवेदन दिएको संस्थाका प्रवन्धक तथा निज अध्यक्षका छोरा मोहन दर्नालले दिएको जानकारी ।
- ✓ संस्थाको अध्यक्ष कृष्णवहादुर विश्वकर्मा सम्पर्क विहिन भई खोजतलासका लागि निवेदन दिई सके पछि मिति २०७६।०३।२७ को निज अध्यक्ष कृष्णबहादुर विश्वकर्माको श्रीमति विष्णुमाया विश्वकर्माको नाममा दर्ता कायम रहेको धरान १५ को सेन्ट्रल रोड स्थित रहेको घर जग्गा विक्रि भएको भन्ने छोरा मोहन दर्नाल र अन्य वचतकर्ताबाट जानकारीमा भएको ।

- ✓ उपरोक्त संस्थामा कृष्णबहादुर विश्वकर्मा मिति २०७५/०९/२८ गतेको साधारण सभाबाट अध्यक्षमा निर्वाचित भएको देखिन्छ।
- ✓ संस्था २०६७ सालमा दर्ता भई संचालनमा रहेको ।
- ✓ मिति २०७४/०७/२५ गते संचालक समितिको बैठकबाट मोहन दर्नाल व्यवस्थापकमा नियुक्ती भएको ।
- ✓ संस्थामा कार्यरत व्यवस्थापक मोहन दर्नाल र अध्यक्ष कृष्णबहादुर विश्वकर्मा बुवा छोरा नाता भित्र रहेको ।
- ✓ मिति २०७५/०९/२८ गते गठित संचालक समितिका  विश्वकर्मा थर रहेको सबै सदस्यहरु अध्यक्षका नाता सम्बन्धित पर्ने व्यक्ति रहेका ।
- ✓ मिति २०७५/०९/२८ गते गठित संचालक समिति सदस्यहरु साधारण सभामा उपस्थित रहेतापनि तहाँ उप्रान्त हालसम्म संचालक समितिको वैठक नभएको र सबै संचालक सदस्यको संस्थामा सेयर रकम नरहेको ।

- ✓ संचालक सदस्यहरुबाट आफ्नो सेयर तथा बचत आफुले नगरेको भएता पनि केहि सदस्यको नाममा व्यक्तिगत खातामा बचत जम्मा देखिएको ।
- ✓ सहकारी संस्थाको वचत पुस्तिका (पास बुक) प्रयोग गरी त्यहाँ जम्मा भएको रकम संस्थामा जम्मा भएको नदेखिएको र त्यस सम्बन्धी रकम के कति हो कहि कतैबाट उजुर बाजुर नआएको ।
- ✓ संस्था अध्यक्षको नाममा ज्वलर्स (सुन पसल) संचालनमा रहेको तर सोको दर्ता प्रमाण पत्र अन्य कानूनी कागजात उपलब्ध नभएको भएता पनि संस्थामा जम्मा भएको वचत कर्ताको केहि रकम सुन पसलमा आसामीको रुपमा प्रयोगमा देखिएको ।
- ✓ संस्थामा रहेको हरहिसाब, चार खाता सफ्टवेयरमा एकै प्रकारको नरहेको र सरकारले ल्याएको गरिबी तथा सहकारी व्यवस्थापन सम्बन्धि सूचना प्रणालीमा प्रविष्टी भएको हिसाब संस्थामा रहेको हिसाब खातामा कहि कतै मेल नखाएको ।
- ✓ संस्थामा निरिक्षण गर्दा सेयर सदस्यहरुबाट सेयर खरिद नगरी वचत कारोबार गराएको छ ।
- ✓ संस्थामा रहेको मुख्य दायित्व सम्पत्ती निम्न अनुसार रहेको र विस्तृत विवरण संलग्न कागजातले प्रस्टाउने छ ।

उपर्युक्त विवरण संस्थामा कार्यरत कर्मचारी, कलेक्टर, बजार प्रतिनिधी र व्यवस्थापकले दिएको जानकारी अनुसार कम्प्युटर सफ्टवेयरमा रहेको हिसाब सहि र एकिन हो भनिएकोहुँदा सोही विवरणको आधारमा छानविन गरिएको छ ।

२०७६/०३/२७ गते सम्मको

| | |
|---|---|
| सदस्यहरुबाट जम्मा सेयर | - ९०३२००/- |
| सदस्यहरुबाट संकलित जम्मा बचत | - २०७१९९३३.५१ |
| सदस्यहरुलाई लगाईएको लगानी | - ८८६४१२७/- |
| संस्थाबाट सुनपसलमा गएको आसामी | - ६८८९४४०/- |
| कर्मचारी लाई पेश्की रकम | - ५५८५२७/- |
| संस्थामा रहेको स्थिर सम्पत्ती | - ५३२६२४६.४२ |
| अपलेखन खर्च रकम | - ७८७५२३/- |

यसरी निरिक्षण तथा छानबिन गर्दा संस्था बावु छोरा मिलेर गलत ढंगबाट संचालन गरेको देखिन्छ। सहकारी संस्थाको नामबाट वचत संकलन गरी अन्य ठाँउमा प्रयोग गरि सदस्यको बचत हिनामिना गर्न खोजेको देखिएको हुँदा निज अध्यक्ष तथा प्रबन्धक दुबैलाई निम्न बमोजिम कसुरमा सहकारी ऐन २०७४ साथै सहकारी नियमावली २०७५ बमोजिम एकाधर संगोलको व्यक्ति व्यवस्थापक अध्यक्ष रहेको, संस्थाको सेयर र वचत रकम हिनामिना गरी अन्यत्र प्रयोग गरेको,संस्थाको वचत पुस्तिका अन्य व्यवसायमा प्रयोग गरि

दुरुपयोग गरेको, गैह सदस्यसँग कारोबार गरेको, हुनाले दफा १२२ को खण्ड "ख" "घ" "च" "ज" मा गरिएको ब्यबस्थानुसार कानुनी प्रकृयामा जान उपयुक्त देखिन्छ ।

निरिक्षणका क्रममा देखिएको वित्तिय विवरण अनुसार संस्थाका अध्यक्ष तथा व्यवस्थापकबाट संस्थाको दुरुपयोग भएको रकम र संस्थाको रकम बिना व्याज सापटी आफुखुसी गरेको हुनाले देखिएको घाटा रकम असुल उपर गराई वा सो बरावरको व्यवस्थापक तथा अध्यक्ष वा एकाघर संगोलमा रहेको व्यक्तिहरुबाट घितो बन्धक राखी वा असुल उपर गराई अन्य संचालक समितिका सदस्यबाट संस्था संचालकको लागि प्रकृया बढाउन राय सहित यो प्रतिवेदन धरान उपमहानगर सहकारी विकास समितिमा पेश गरेका छौं ।

**<u>प्रतिवेदन संलग्न काजगातहरु</u>**

- व्यवस्थापक श्री मोहन दर्नालसँग सोधपुछ गरिरहेको विवरण थान-२
- संचालक समितिसँग गरिएको सोधपुछ विवरण पेज — १
- मिति २०७४/०७/२५ गते बसेको संचालक समितिको निर्णय- पेज ३
- मिति २०७५/०९/२८ गते बसेको साधारण सभा निर्णय पेज — ५
- COPOMIS मा प्रविष्टी गरीएको २०७५ जेष्ठ महिनाको विवरण पेज- ९
- २०७६ जेष्ठ मसान्तको वासलात पेज — २
- नाफा नोक्सान हिसाब २०७६ अषाढ मसान्त पेज — १
- नमुना जग्गा वचत विवरण एक व्यक्तीको पेज- २
- संचालक कर्मचारी तथा अन्य सदस्यको व्यक्तिगत वचत खाता पेज- ८
- संस्थाका सदस्य तथा गैह सदस्यबाट भएको वचत,ऋण तथा सेयर विवरण पेज- ६४

**<u>छानविन समितिकाका पदाधिकारीहरू</u>**

१. श्री चन्द्रबहादुर सुवेदी- संयोजक
२. श्री दिनेश श्रेष्ठ — सदस्य
३. श्री काजी गिरी - सदस्य
४. श्री मिसन लामा - सदस्य
५. श्री भक्तिराज शर्मा - सदस्य सचिव